# स्थानीय कृषि व्यवसाय प्रवर्द्धन कार्यविधि, २०८२

**पाख्रीबास नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालयको**

पाख्रीबास, धनकुटा

कोशी प्रदेश, नेपाल

**स्थानीय कृषि व्यवसाय प्रवर्द्धन कार्यविधि, २०८२**

पाख्रीबास नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०८२/०९/२७

मिति २०८२/०९/२७ गते पाख्रीबास नगर कार्यपालिकाबाट पारित भई प्रमाणिकरणको लागि पेश भएको

स्थानीय कृषि व्यवसाय प्रवर्द्धन कार्यविधि, २०८२_प्रमाणित गर्दछु ।

प्रमाणिकरण मितिः २०८२/०९/२७

...........................................

नामः ज्ञान बहादुर गुरूङ

पदः नगर प्रमुख

पाख्रीबास नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, पाख्रीबास, धनकुटा ।

नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०८२/०९/२७

# स्थानीय कृषि व्यवसाय प्रवर्द्धन कार्यविधि, २०८२

**प्रस्तावनाः**

पाख्रीबास नगरपालिकाको क्षेत्र भित्रको कृषिको व्यवसायीकरण गर्न, कृषि व्यवसायको प्रवर्द्धन एवं व्यवस्थापन गर्न, कृषक एवम् कृषि व्यवसायी बीच आपसी सम्बन्ध सुदृढ गर्न तथा कृषि करारको माध्यमबाट उत्पादन बढाउन र बजारीकरण द्वारा व्यवसायिक रूपमा समग्र कृषि विकासका लागि आवश्यक कानूनी व्यवस्था गर्न बाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम कार्यविधि बनाई लागू गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "**स्थानीय कृषि व्यवसाय प्रवर्द्धन कार्यविधि, २०८२**" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

(क) "प्रमुख": भन्नाले नगरपालिकाको प्रमुखलाई सम्झनुपर्छ ।

(ख) "उत्पादक"भन्नाले कृषि वस्तु उत्पादन गर्ने कृषक वा कम्पनी वा कृषि फार्म वा सहकारी उत्पादक सम्झनु पर्छ ।

(ग) "एजेन्ट" भन्नाले कृषि उद्यमी, व्यवसायी, कृषि बजार वा कृषिजन्य वस्तुहरूको कारोबार गर्ने दर्तावाला व्यक्ति र सङ्गठित संस्थाको प्रतिनिधिलाई सम्झनुपर्दछ ।

(घ) "कार्यपालिका" भन्नाले पाख्रीबास नगर कार्यपालिका सम्झनुपर्छ ।

(ङ) "कोष" भन्नाले यस कार्यविधि दफा १० बमोजिम स्थापित भएको कृषि व्यवसाय प्रवर्द्धन कोष सम्झनुपर्दछ।

(च) "कृषक" भन्नाले कसैको जग्गा करारमा लिई वा आफ्नै जग्गामा व्यावसायिक कृषि खेती गर्ने कृषक, कृषक समूह, कृषि व्यवसायी, कृषि फर्म र कृषि सहकारी संस्था सम्झनुपर्दछ।

(छ) "कृषि" भन्नाले अनुसूची (१) मा उल्लेख भए बमोजिमका विषयसँग सम्बन्धित कृषि र व्यवसायिक कृषि भन्ने बुझिन्छ ।

(ज) "कृषि फार्म" भन्नाले व्यवसायिक प्रयोजनका लागि अनुसूची (१) बमोजिमका बाली उत्पादनका लागि सञ्चालन गरिएको कृषि फार्म सम्झनुपर्दछ।

(झ) "कृषि बजार" भन्नाले कृषि उपजको ग्रेडिङ, प्याकेजिङ्ग, ढुवानी, भण्डारण, वितरण तथा बिक्री वितरण गर्ने कृषि बजार भन्ने बुझिन्छ ।

(ञ) "कृषिजन्य वस्तु" भन्नाले कृषकले कुनै बोट बिरुवा वा जीवजन्तुबाट उत्पादन गरेको उपभोग्य वस्तुलाई सम्झनुपर्दछ ।

(ट) "कृषि व्यवसाय": भन्नाले देहायका व्यवसायहरूलाई सम्झनु पर्छः

१. व्यावसायिक उद्देश्यले गरिने कृषि बाली वा वस्तुको उत्पादन ।

२. कृषिजन्य वस्तुको प्रशोधन तथा कृषि उत्पादनका मूल्य अभिबृदीका लागि गरिने कार्य ।

३. कृषि उपजको व्यापार ।

४. रासायनिक वा प्राङ्गारिक मलको उत्पादन, भण्डारण तथा वितरण ।

५. बीउ, बेर्ना, नश्ल र भुराको उत्पादन, परामर्श, भण्डारण तथा वितरण ।

६. कृषिमा प्रयोग हुने औषधि एवं विषादीको कारोबार ।

(ठ) "खुद्रा बजार" भन्नाले उपभोक्तालाई सिधै बिक्री गर्ने बजार सम्झनुपर्दछ ।

(ड) "नगरपालिका" भन्नाले पाखीबास नगरपालिका ।

(ढ) "थोक बजार" भन्नाले उत्पादक वा विक्रेताले अर्को विक्रेतालाई वस्तु बिक्री गर्ने स्थल सम्झनुपर्दछ ।

(ण) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले पाखिबास नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्दछ।

(त) "विक्रेता" भन्नाले व्यापारी, कृषक समूह, फार्म, सहकारी वा एजेन्ट सम्झनुपर्दछ ।

(थ) "मन्त्रालय" भन्नाले संघ तथा प्रदेशको कृषि क्षेत्र हेर्ने मन्त्रालय सम्झनुपर्दछ ।

(द) "व्यावसायिक कृषि करार" भन्नाले कृषि फार्म सञ्चालन, उत्पादन, खरिद-बिक्री वा बजारीकरणका लागि दुई वा दुईभन्दा बढी पक्षबीच भएको सम्झौता सम्झनुपर्दछ ।

(ध) "वडा" भन्नाले पाखिबास नगरपालिकाको वडा सम्झनुपर्दछ।

(न) "समिति" भन्नाले दफा ५ बमोजिमको कृषि बजार सञ्चालन तथा व्यवस्थापन समिति सम्झनुपर्दछ।

(प) "संकलन केन्द्र" भन्नाले विक्रेतालाई बिक्री गर्ने उद्देश्यले कृषि उपज जम्मा गरिने स्थान सम्झनुपर्दछ ।

(फ) "हाट-बजार" भन्नाले स्थानीय तहबाट स्वीकृत लिई सञ्चालन भएको स्थानीय बजार सम्झनुपर्दछ ।

## परिच्छेद २:
## कृषि बजार सम्बन्धी व्यवस्था

### ३. कृषि बजारको स्थापनाः

(१) नगरपालिकाले आफ्नो क्षेत्रभित्रको कुनै पनि स्थानमा कृषि बजारको स्थापना गर्नसक्नेछ ।

(२) कृषि सम्वन्धी सहकारी वा कृषि सम्वन्धी व्यवसायिक संस्थाले सम्वन्धित नगरपालिकाको अनुमति लिई कृषि बजारको स्थापना गर्न सक्नेछ ।

### ४. कृषि बजारको वर्गीकरण :

(१) यस ऐनको दफा ३ बमोजिम स्थापना हुने कृषि बजारको वर्गीकरण देहाय बमोजिमको हुनेछः

(क) थोक बजार (Wholesale Market).

(ख) खुद्रा बजार (Retail Market).

(ग) हाट-बजार (Seasonal Market).

(घ) संकलन केन्द्र (Collection Center).

(२) उपदफा (१) बमोजिमको बजार सञ्चालन वापत लाग्ने शुल्क नगर सभाले तोकेबमोजिम हुनेछ ।

(३) बजार सञ्चालन सम्वन्धी अन्य व्यवस्था कार्यपालिकाले तोके बमोजिम हुनेछ |

५. <u>कृषि बजार सञ्चालन तथा व्यवस्थापन समिति</u> : (१) यस ऐनको दफा (३) बमोजिम स्थापना भएको कृषि बजारको सञ्चालन तथा व्यवस्थापन गर्नको लागि कृषि बजार तथा व्यवस्थापन समिति रहनेछ ।

(२) कृषि बजार सञ्चालन तथा व्यवस्थापन समिति सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ |

## परिच्छेद ३:
## कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धी व्यवस्था

६. <u>स्थानीय कृषि कार्यक्रम कार्यान्वयन समितिः</u> (१) कृषि क्षेत्रको समग्र विकास तथा प्रवर्द्धन लगायतका कार्य गर्न पाख्रिबास नगरपालिकाकामा एक स्थानीय कृषि कार्यक्रम कार्यान्वयन समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोमिजका सदस्यहरू रहने छन्:

(क) नगरपालिका प्रमुखः संयोजक

(ख) आर्थिक विकास समिति संयोजक - सदस्य

(ग) नगरपालिका उपप्रमुख - सदस्य

(घ) नगरपालिकाले तोकेको कार्यपालिका सदस्य २ जना - सदस्य

(ङ) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(च) नगरपालिकाले तोकेको गैरसरकारी संस्थाबाट एक जना - सदस्य

(छ) नगर कृषि समन्वय समितिको अध्यक्ष प्रतिनिधि एक जना - सदस्य

(ज) नगरपालिकाको कृषि शाखा प्रमुख - सदस्य सचिव

(३) समितिले सम्बन्धित क्षेत्रको विशेषज्ञ तथा अन्य व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(४) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) समितिले यस कार्यविधिको उद्देश्य कार्यान्वयन गर्न आवश्यकता अनुसार विभिन्न उपसमितिहरू गठन गर्न सक्नेछ। (६) समितिको सचिवालय नगरपालिकाको कृषि क्षेत्र हेर्ने शाखामा रहनेछ ।

## परिच्छेदः ४
## समितिको काम कर्तव्य र अधिकार

७. <u>समितिको काम, कर्तव्य र अधिकारः</u>

यस कार्यविधिमा अन्यत्र व्यवस्था भएदेखि बाहेक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) स्थानीय स्तरमा कृषि व्यवसाय प्रवर्द्धन गर्न आवश्यक नीति तथा योजना तर्जुमा गर्ने ।

(ख) नगरपालिकाले तोकेको कृषि पकेटको विकास हुने योजना र कार्य प्रक्रिया तय गर्ने ।

(ग) कृषि व्यवसाय प्रवर्द्धनका लागि अनुगमन मूल्याङ्कन तथा अनुदान वितरण सिफारिस समितिले सिफारिस गरेका योजनाहरूमा अनुदान वितरणको अन्तिम निर्णय गर्ने ।

(घ) कृषिका योजना तथा कार्यक्रमहरूको कार्यान्वयनका लागि आवश्यक निर्णय गर्ने ।

(ङ) कृषि व्यवसाय प्रवर्द्धन गर्ने संघीय तथा प्रादेशिक निकायसँग समन्वय र सहकार्य गर्ने ।

(च) कृषि व्यवसायको प्रवर्द्धन गर्ने सम्बन्धमा कार्यक्रम सञ्चालन गर्ने ।

(छ) कृषि व्यवसाय प्रवर्द्धन गर्न आवश्यक पर्ने सीप, प्रविधि तथा अन्य आवश्यक विषयको उचित व्यवस्था गर्न प्रवर्द्धनात्मक कार्यहरू गर्ने ।

(ज) कृषि व्यवसाय प्रवर्द्धन कोषको सञ्चालन गर्ने ।

(झ) तोकिए बमोजिमको अन्य आवश्यक कार्य गर्ने ।

**८. <u>अनुगमन मूल्याङ्कन तथा अनुदान वितरण सिफारिस समितिः</u>**

(१) कृषि क्षेत्रको समग्र विकास तथा कृषिमा उद्यमशिलता प्रवर्द्धन कार्यमा लक्षित तथा वास्तविक कार्य गर्ने किसान, महिला समूह, सहकारी  कहाँ योजना पुर्याउन, प्राप्त निवेदन र पकेटको सिफारिस क्षेत्रमा अनुगमन, सुपरिवेक्षण गरी मूल्याङ्कनको आधारमा अनुदान वितरण गर्न सिफारिस गर्न एक अनुगमन मूल्याङ्कन तथा अनुदान वितरण सिफारिस समिति गठन गरिएको छ.

(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोजिमका सदस्यहरू रहने छन्ः

(क) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतः- संयोजक

(ख) पशु पंक्षी विकास शाखा प्रमुखः- सदस्य

(ग) नगर प्रमुखले तोकेको प्रशासनिक कर्मचारी १ जनाः- सदस्य

(घ) नगरपालिकाको कृषि शाखा प्रमुखः- सदस्य सचिव

**९. <u>अनुगमन मूल्याङ्कन तथा अनुदान वितरण सिफारिस समितिको काम, कर्तव्य र अधिकारः</u>**

(१) यस कार्यविधिमा अन्यत्र व्यवस्था भएदेखि बाहेक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) अनुदान वितरण पूर्व नगरपालिका पकेट लगायतका क्षेत्र, आवेदन दिएका किसानको माग योजनाहरूको अवस्था अर्थात् सम्भाव्यता सुपरिवेक्षण तथा अनुगमन गर्ने.

(ख) नगरपालिकाको नीति कार्यक्रम अनुरूप कृषि क्षेत्रको विकासका लागि तय भएका कार्यक्रमलाई प्रभावकारी बनाउन आवश्यक प्रभावकारी प्रक्रिया अपनाउन सहजीकरण गर्ने.

(ग) अनुगमनका क्रममा योजना समावेश गर्ने वा नगर्ने निक्यौंल गरी निर्णय सहित आवश्यक सिफारिस गर्ने.

(घ) योजनाहरूमा अनुदानको मापदण्ड अनुसार आवश्यक भए नभएको हेर्ने र योजनाको आवश्यकता र प्रभावकारिता हेरी अनुदान कति सम्म दिन मिल्ने सोको पुष्ट्याई सहित सिफारिस गर्ने|

(ङ) नयाँ प्रविधि, बढी रोजगारी सिर्जना, उत्पादन बढावा दिने, बढी आम्दानी दिने र समुहगत कृषि उद्यमशिलता तथा सहकारी खेतीलाई अनुदानमा प्राथमिकता दिने ।

(च) कृषि कार्यक्रमको सूचना बमोजिम पर्न आएका निवेदन, प्रस्तावना आदिको मूल्याङ्कन गरी छनौट गर्ने र निर्णयका लागि सिफारिस गर्ने ।

(छ) तोकिए बमोजिमको अन्य आवश्यक कार्य गर्ने ।

**१०. <u>कृषिको व्यवसायीकरणका लागि अनुदान मापदण्डः</u>**

यस कार्यविधिमा अन्यत्र व्यवस्था भए देखि बाहेक अनुदान मापदण्ड देहाय बमोजिम हुनेछः

(क) स्वच्छ उर्जा जडित प्रविधि, बढी रोजगारी सिर्जना, बढी उत्पादन र मूल्य शृंखला वृद्धि गर्ने व्यावसायिक योजनाहरूमा ७५ प्रतिशत सम्म ।

(ख) कृषिजन्य पूर्वाधार संरचना निर्माणमा ७५ प्रतिशत सम्म ।

(ग) बीउ विजन, मल आदिमा ७५ प्रतिशत सम्म ।

(घ) उपकरण तथा मेशिनरी खरिदमा ५० प्रतिशत सम्म ।

(ङ) यसमा भएका प्रावधानको विस्तृत अर्थात् खण्डीकृत रूपमा समितिले तोके अनुसार हुनेछ ।

## ११. कृषि कार्यक्रम कार्यान्वयन प्रक्रियाः

(१) यस कार्यविधि अनुरूप नगरका कृषि कार्यक्रमहरू साना किसान, अगुवा किसान, व्यावसायिक किसान, कृषि समूह, कृषि सहकारी, कृषि महिला उद्यमी ,गैरसरकारी संस्था (गैसस), कृषि फार्म, निजी क्षेत्र आदिसँगको साझेदारी र नगरपालिकाले आफ्ना कर्मचारी परिचालन मार्फत निम्न बमोजिम कार्यान्वयन गर्ने छ:

(क) नगरपालिकाले तोकेको वा निर्धारण गरेको पकेट, ब्लक र क्षेत्रको (ZONE ) प्रवर्द्धन हुने गरी योजना निर्माण, प्रविधि, उपकरण तथा मेशिनरी र सीप प्रदान गर्ने ।

(ख) व्यावसायिक किसान, फार्म, सहकारी, कृषि समूह, कृषि सँग सम्बन्धित गैसस, निजी संस्था मार्फत कृषिको व्यवसायीकरणका लागि सूचना प्रवाह गरी मागका आधारमा निवेदन / प्रस्तावना स्वीकृति गरेर साझेदारी गर्ने ।

(ग) नगरपालिकाले पकेटमा तोकेको वस्तुहरूको उत्पादन वृद्धि, प्रशोधन, भण्डारण, बजारीकरण कार्यका लागि निजी फार्म, सहकारी, कृषि समूह, गैसस आदिसँग साझेदारी गर्ने ।

(घ) साना किसानहरूको हकमा कृषि समूह मार्फत नगरपालिकाले जनशक्ति परिचालन वा आवश्यक भए साझेदारी मार्फत परिचालन गरी सहयोग गर्ने ।

(ङ) साना किसानहरूको कृषि व्यवसाय प्रवर्द्धनका लागि आईपिएम (IPM) प्रविधि, टनेल, सोलार, थोपा सिँचाइ मार्फत होम गार्डेन प्रवर्द्धन गर्ने ।

## १२. कृषि समूह, समन्वय समिति गठन र परिचालन (क्रमशः):

(क) यस कार्यविधि भन्दा पहिले गठन भई जिल्ला कृषि विकास कार्यालयमा दर्ता भएका समूह यसै अन्तर्गत गठन भएको मानिने छ ।

(ख) नगरपालिकाले वडा स्तरमा तोकेको पकेटमा प्राथमिकता प्राप्त वस्तुहरूको व्यवसायीकरणका लागि किसानहरूको समन्वय समिति गठन गर्नेछ । उदाहरणका लागिः केरा पकेटमा "केरा खेती किसान समन्वय समिति" ।

(ग) वडा तहका सबै समन्वय समितिबाट प्रतिनिधिहरू भेला गराई १९ सदस्यीय समावेशी "नगर कृषि समन्वय समिति" गठन गरिनेछ ।

## १३. कृषि व्यवसायलाई सुविधा दिनेः

(१) नगरपालिकाले कृषि व्यवसायका लागि देहाय बमोजिम छुट तथा सुविधा दिन सक्नेछ:

(क) स्थानीय कर र निकासी शुल्कमा छुट ।

(ख) ढुवानी साधन, यान्त्रिक उपकरण र प्रविधि विस्तारमा अनुदान ।

(२) माथि उल्लेखित सुविधाहरू तोकिए बमोजिम हुनेछन् र थप सुविधाहरू कार्यपालिकाले तोके अनुसार हुनेछन् ।

**१४. कृषि ऋण (Agricultural Loans):**

(१) बैंक वा वित्तीय संस्थाले आफ्नो नियम बमोजिम कृषि ऋण उपलब्ध गराउन सक्नेछन् ।

(२) यस कार्यविधि बमोजिम गरिएको व्यावसायिक कृषि करार (Agri-Contract Agreement) लाई धितोको रूपमा स्वीकार गरी बैंकहरूले ऋण दिन सक्नेछन् ।

(३) यस्तो ऋणलाई सरकारको अति प्राथमिकता प्राप्त क्षेत्रको कर्जा लगानी सरह मानिनेछ.

(४) यदि यस्तो लगानी उठ्न नसकी अपलेखन (Write-off) गर्नु परेमा, सो रकमलाई बैंकको खुद करयोग्य आयबाट घटाउन सकिनेछ ।

## परिच्छेद ५:
## कोषको स्थापना तथा सञ्चालन
## (Establishment and Operation of the Fund)

**१५. कोषको स्थापना:**

(१) कृषि व्यवसाय प्रवर्द्धन गर्नका लागि एक छुट्टै "कृषि व्यवसाय प्रवर्द्धन कोष" स्थापना गरिनेछ ।

(२) कोषमा निम्न स्रोतबाट रकम प्राप्त हुनेछ:

(क) संघीय तथा प्रादेशिक सरकारबाट प्राप्त रकम ।

(ख) नगरपालिकाबाट विनियोजित रकम ।

(ग) स्थानीय गैरसरकारी संघ-संस्थाबाट प्राप्त रकम ।

(घ) वैदेशिक वा अन्तर्राष्ट्रिय संघ-संस्थाबाट प्राप्त रकम (अर्थ मन्त्रालयको स्वीकृतिमा) ।

**१६. कोषको सञ्चालन:**

(१) नगरपालिकाको नीति, कानुन तथा निर्देशन बमोजिम कृषि व्यवसायको प्रवर्द्धन गर्नका लागि कोषको रकम खर्च गरिनेछ ।

(२) कोषको सचिवालय नगरपालिका अन्तर्गतको कृषि शाखामा रहनेछ ।

**१७. कोषको सञ्चालन सम्बन्धी व्यवस्था:**

(१) समितिको तर्फबाट गरिने सम्पूर्ण खर्च दफा १० बमोजिमको कोषबाट तोकिए बमोजिम व्यहोरिनेछ ।

(२) समितिको कोषमा रहेको रकम समितिले प्रचलित कानून बमोजिम कुनै बैंकमा खाता खोली जम्मा गर्नेछ ।

(३) समितिको कोषको सञ्चालन समितिको अध्यक्ष वा सदस्यसचिव र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

(४) कोषको सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१८. लेखा र लेखापरीक्षण:**

(१) कोषको आय-व्ययको लेखा प्रचलित कानून बमोजिम राख्नु पर्नेछ ।

(२) कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

## परिच्छेद ६:
## व्यावसायिक कृषि करार (लिज)

**१९. व्यावसायिक कृषि करार गर्न सकिने:**

(१) यस कार्यविधि बमोजिम कृषि व्यवसायको प्रवर्द्धन गर्न दुई वा दुई भन्दा बढी पक्षबीच व्यावसायिक कृषि करार गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम करार गर्दा प्रचलित नेपाल कानूनको अधिनमा रही पक्षहरूको आपसी सहमतिमा विद्युतीय प्रणालीको माध्यमबाट समेत गर्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिमको करार गर्दा अपनाउनु पर्ने प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

**२०. जग्गा तथा भौतिक साधन उपलब्ध गराउन सकिने:** कुनै व्यक्ति, संस्था वा निकायले कृषि व्यवसाय गर्ने प्रयोजनका लागि व्यक्ति, कृषि फार्म वा व्यवसायी, कृषक समूह वा त्यस्ता कृषक समूह मिलेर बनेको समिति, सहकारीलाई जग्गा तथा भौतिक सम्पत्ति करार गरी उपलब्ध गराउन सक्नेछ ।

**२१. जग्गा तथा भौतिक साधन माग गर्न सक्ने:**

(१) कुनै कृषक वा कृषि व्यवसायीले व्यावसायिक रूपमा कृषि सम्बन्धी कार्य गर्नको लागि प्रचलित कानूनको प्रतिकूल नहुने गरी करार बमोजिम जग्गा तथा भौतिक साधन प्राप्त गर्न दफा १५ बमोजिमका व्यक्ति वा निकायसँग माग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जग्गा तथा भौतिक साधन माग भई आएमा निश्चित अवधि तोकी प्रचलित कानून बमोजिम सम्बन्धित निकायले करारमा जग्गा तथा भौतिक साधन उपलब्ध गराउन सक्नेछ ।

(३) जग्गा तथा भौतिक साधन उपलब्ध गराउने सम्बन्धी प्रक्रिया तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(४) खेती नगरी लगातार २ बर्षसम्म बाँझो रहेको कृषि योग्य जमिन स्थानीय सरकारले तोकिए वमोजिम कृषि प्रयोजनका लागि प्रयोगमा ल्याउन सक्नेछ ।

**२२. स्वामित्व हस्तान्तरण नहुने:** यस ऐनको दफा १५ बमोजिम कुनै जग्गा वा भौतिक साधन उपलब्ध गराएको अवस्थामा करार गरेको वा लिजमा लिएको कारणले मात्र जग्गा वा भौतिक साधनमा करारका पक्षको स्वामित्व हस्तान्तरण हुने छैन ।

**२३. पुनः करार गर्न नहुने:** यस कार्यविधि बमोजिम करार गर्ने पक्षले दोश्रो पक्षको सहमती नलिइ सोही विषयमा तेश्रो पक्षसँग पुनः करार गर्न पाउने छैनन ।

**२४. व्यवसायिक कृषि करारका विषयवस्तुहरू:** (१) यस कार्यविधि बमोजिम कृषि करार गर्दा करारको प्रकृति र अवस्था अनुरूप अनुसूची-२ मा उल्लेख भए बमोजिम हुनेछ ।

(२) यस कार्यविधि प्रतिकुल नहुने गरी पक्षहरूको सहमतिमा उपदफा (१) मा उल्लेखित विषय बाहेकका अन्य उपयुक्त विषयवस्तुहरू समेत व्यवसायिक कृषि करारमा समावेश गर्न सकिनेछ ।

**२५. व्यवसायिक कृषि करारका पक्षहरूको दायित्वः**

(१) यस कार्यविधिको दफा १५ वा १६ बमोजिम कृषि व्यवसाय सञ्चालन गर्न लिएको जग्गा तथा भौतिक साधनमा पक्षहरूको दायित्व यस कार्यविधि उल्लेख भएको अतिरिक्त अन्य दायित्व करारमा तोकिए बमोजिम हुनेछ ।

(२) कृषि वस्तुको परिमाण वा क्षेत्र तोकी गरिने व्यवसायमा पक्षहरूको दायित्व पक्षहरू बीच करार भएकोमा यस ऐनमा उल्लेख भएको अतिरिक्त अन्य कुराहरू करारमा उल्लेख भए बमोजिम हुनेछ ।

(३) व्यवसायिक कृषि करार गर्ने पक्षहरूले कृषि करार प्रयोजनको लागि कृषि उत्पादन सामग्री, प्रविधि र ऋण वा अन्य सहायता आफै वा वित्तीय संस्थाहरू मार्फत तोकिएका शर्तहरूको आधारमा उपलब्ध गराउने गरी आ-आफ्नो दायित्व निर्धारण गर्न सक्नेछन् ।

(४) व्यवसायिक कृषि करार गर्ने पक्षहरूले प्रचलित कानूनको प्रतिकूल नहुने गरी गर्नु पर्नेछ ।

२६. <u>करार पूरा गर्नु पर्ने समय र तरिकाः</u>

(१) करारमा करार पूरा गर्ने समय र तरिका उल्लेख भएकोमा उल्लिखित समयभित्र र उल्लिखित तरिका बमोजिम करार पूरा गर्नु पर्नेछ ।

(२) करार बमोजिमको काम गर्न करारमा कुनै समय वा तरिका तोकिएको रहनेछ तर सो काम कुनै खास समयमा वा कुनै खास तरिकाले मात्र गर्न सकिने रहेछ भने सोही समयमा सोही तरिका बमोजिम गर्ने गरी करार भएको मानिनेछ ।

(३) उपदफा (२) मा लेखिएको अवस्थामा बाहेक करारमा करार पूरा गर्ने समय र तरिका उल्लेख नभएमा उचित समयभित्र उपयुक्त तरिका अपनाई पूरा गर्नु पर्नेछ ।

२७. <u>करार पूरा गर्ने स्थानः</u>

(१) करार बमोजिम काम पूरा गर्न कुनै निश्चित स्थान तोकिएको रहेछ भने सो काम सोही स्थानमा पूरा गर्नु पर्नेछ ।

(२) करार बमोजिम कुनै एक पक्षले अर्को पक्षलाई कुनै मालसामान दिने वा बुझाउने स्थान करारमा तोकिएको रहेछ भने सोही स्थानमा नै दिनु वा बुझाउनु पर्नेछ ।

(३) करार बमोजिम काम गर्ने निश्चित स्थान नतोकिएको तर सो काम कुनै खास स्थानमा मात्र गर्न सकिने वा चलन व्यबहार वा सो कामको प्रकृति अनुसार कुनै खास स्थानमा मात्र गर्नु पर्ने किसिमको रहेछ भने सोहि स्थानमा गर्ने गरी करार भएको मानिने छ |

(४) उपदफा (२) र (३) मा लेखिए देखि बाहेक अन्य अवस्थामा करार बमोजिम काम गर्ने स्थान करारमा उल्लेख भएको रहेनछ भने करार बमोजिम काम गर्ने पक्षले अर्को पक्षलाई मनासिब माफिकको स्थान तोकिदिन सूचना गर्नु पर्नेछ र अर्को पक्षले पनि सो काम गर्न मनासिब माफिकको स्थान तोकिदिनु पर्नेछ।

२८. <u>करार पूरा गर्नु नपर्ने अवस्थाः</u> देहायका अवस्थामा करार बमोजिम काम गर्न आवश्यक पर्ने छैनः

(क) करारको एक पक्षले अर्को पक्षलाई करार बमोजिमको दायित्व पूरा गर्नु नपर्ने गरी छुट दिएमा।

(ख) बदर गराउन सकिने करार बदर गराउन पाउने पक्षले बदर गराएमा।

(ग) अर्को पक्षले करार उल्लंघन गरेको कारणबाट करारको परिपालना हुन नसक्ने भएमा।

(घ) यस ऐनको कुनै व्यवस्था बमोजिम करार बमोजिमको काम गर्नु नपर्ने भएमा।

(ङ) करार गर्दाको परिस्थितिमा आधारभूत परिवर्तन भई करारको परिपालना गर्न असम्भव भएमा।

**२९. <u>करार दर्ता गर्नु पर्नेः</u>**

(१) यस कार्यविधि अन्तर्गत सम्पन्न गरिएका करारहरू सम्झौता भएको मितिले पैंतिस दिनभित्र नगरपालिकामा दर्ता गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम करार दर्ता गर्दा तोकिए बमोजिमको दस्तुर लाग्नेछ।

(३) दर्ता नगरिएको करारको आधारमा नेपाल सरकार वा अन्य निकायले दिने सुविधा वा सहुलियत दिने प्रयोजनको लागि मान्यता प्राप्त गर्ने छैन।

(४) उपदफा (१) बमोजिम भएको करारको आधिकारिक प्रति नगरपालिकाको तोकिएको अधिकारीले अनिवार्य रूपले राख्नु पर्नेछ।

(५) उपदफा (१) बमोजिमको करार दर्ता गर्न दुवै पक्षहरू स्वयम् वा उनीहरूको कानुन बमोजिमको प्रतिनिधि उपस्थित हुनु पर्नेछ।

(६) नगरपालिकाले कुनै व्यवसायी वा कृषकले कृषि करार दर्ता गर्न ल्याएकोमा दर्ता गर्ने अधिकारीले यस कार्यविधि बमोजिम उल्लेख हुनुपर्ने कुनै कुरा उल्लेख नभएको वा अनुचित प्रावधान उल्लेख भएकोमा सो परिमार्जन गरेर मात्र दर्ता गर्न आदेश दिन सक्नेछ।

(७) उपदफा (६) बमोजिम दिइएको आदेश करारका पक्षहरूले पालन गर्नु पर्नेछ ।

## <u>परिच्छेद ६ः</u>
## <u>विवाद समाधान</u>

**३०. <u>विवादको समाधानः</u>**

(१) यस कार्यविधि अन्तर्गत गरिएका कृषि करारको कार्यान्वयनको सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा त्यस्ता विवादहरू पक्षहरूले आपसी वार्ताबाट समाधान गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिम वार्ताबाट विवाद समाधान हुन नसकेमा पक्षहरूले प्रचलित कानुन बमोजिम स्थानीय न्यायिक समितिमा निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम निवेदन पर्न आएमा स्थानीय न्यायिक समितिले पैंतिस दिन भित्र मेलमिलापको माध्यमबाट विवादको टुङ्गो लगाउनु पर्नेछ।

(४) मध्यस्थता सम्बन्धी कारवाही अगाडी बढाउँदा मध्यस्थकर्ताको नाम करारमा नै उल्लेख भएकोमा सोही बमोजिम हुनेछ ।

(५) उपदफा (४) बमोजिम करारमा नाम उल्लेख नभएकोमा पक्षहरूका प्रतिनिधि, स्थानीय तहका प्रतिनिधि वा स्थानीय तहबाट तोकिएका बिषयविज्ञ वा मेलमिलापकर्ता सहितको मध्यस्थता समितिको गठन गरिनेछ ।

(६) उपदफा (५) बमोजिम मध्यस्थता चयनको लागि दुवै पक्षहरूबाट अनुरोध भइ आएमा सम्वन्धित व्यक्ति वा कार्यालयले अनिवार्य रूपमा ७ दिन भित्रमा लिखित सहमति वा असहमति दिनु पर्नेछ ।

(७) मध्यस्थता समितिले उजुरी परेको सात दिनभित्र वार्ताद्वारा विवादको समाधान गर्नु पर्नेछ ।

(८) उपदफा (७) बमोजिम विवाद समाधान हुन नसकेमा सम्वन्धित पक्षलाई उजुरी उपर सात दिनको म्याद दिइ प्रतिवाद गर्ने मौका दिनु पर्नेछ ।

(९) उपदफा (८) बमोजिमको समयावधिभित्र सम्वन्धित पक्षले प्रतिवाद गरी वा नगरी बसेमा सो व्यहोरा उल्लेख गरी मध्यस्थता समितिले थप सात दिनभित्रमा आफ्नो निर्णय दिनुपर्नेछ ।

(१०) उपदफा (९) बमोजिम मध्यस्थता समितिद्वारा गरिएको निर्णय अन्तिम हुनेछ ।

(११) यस कार्यविधि बमोजिम मध्यस्थता समितिद्वारा गरिएको निर्णय उपर चित्त नवुझने पक्षले मध्यस्थता ऐन, २०५५ को म्यादभित्रै सम्बन्धित उच्च अदालतमा निवेदन दिन सक्नेछ ।

(१२) मध्यस्थता समितिको अन्य कार्यविधि करारमा उल्लेख भएकोमा सोही बमोजिम र अन्यका हकमा मध्यस्थता समितिले तोके बमोजिम हुनेछ ।

(१३) मध्यस्थकर्ताले पारिश्रमिक र सुविधा पक्षहरूबाट लिन सक्ने छन् ।

**३१. म्याद सम्बन्धमाः** यस कार्यविधि बमोजिमको विवादमा पक्षको काबु वाहिरको परिस्थिति परी यस ऐनको दफा २५ को उपदफा (१०) बमोजिमको म्याद गुज्रन गएमा एक पटकलाई बढीमा पन्ध्र दिन म्याद थाम्न पाउनेछ ।

**३२. मध्यस्थता समितिको निर्णयको कार्यान्वयनः**

(१) मध्यस्थता समितिको निर्णय भएको सात दिनभित्रमा पक्षहरूले निर्णय कार्यान्वयन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै पक्षले तोकिएको समयमा निर्णयको कार्यान्वयन नगरेमा त्यस्तो निर्णयको कार्यान्वयनमा जिल्ला प्रशासन कार्यालय र अन्य निकायको सहयोग लिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको कार्यालयले निर्णय कार्यान्वयन गर्ने सिलशिलामा सम्बन्धित पक्षको सम्पत्ति वा कारोबार रोक्का राख्न, त्यस्तो सम्पत्ति वा कारोबार रोक्का राखेकोमा फुकुवा गर्न लेखि पठाउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम रोक्का वा फुकुवा गरिदिन अनुरोध भई आएमा सम्वन्धित मालपोत कार्यालय, बैंक वा वित्तीय संस्थाले त्यस्तो सम्पत्ति वा कारोबारको रोक्का वा फुकुवा गर्नु पर्नेछ ।

(५) मध्यस्थता सम्बन्धी विषयमा यस कार्यविधि उल्लेखित विषयका हकमा यसै कार्यविधि बमोजिम र अन्य विषयका हकमा मध्यस्थता ऐन, २०५५ बमोजिम हुनेछ ।

## परिच्छेद ७ः
## विविध

**३३. व्यवसाय दर्ता गर्नु पर्नेः**

(१) करार गरी कृषि व्यवसाय सञ्चालन गर्न चाहने कृषक, कृषि फार्म वा एजेण्ट लगायतले दर्ता नगरी व्यवसाय सञ्चालन गर्न हुदैन ।

(२) उपदफा (१) बमोजिम व्यवसाय दर्ता गर्दा यस कार्यविधिमा तोकिए बमोजिमको दस्तुर लाग्नेछ ।

(३) उपदफा (१) बमोजिम व्यवसाय दर्ता नगरी सञ्चालन गरेको पाइएमा नगरपालिकाले त्यस्तो व्यवसाय सञ्चालन गर्न रोक लगाउन सक्नेछ ।

(४) उपदफा (१) बमोजिम व्यवसाय दर्ता गर्न नगरपालिकामा आवश्यक व्यवस्थापन गरिएको हुनेछ ।

(५) यस कार्यविधि बमोजिम दर्ता भइसकेको कृषि व्यवसायको नाममा दर्ता नगरी सोही नाममा अन्य व्यक्तिले व्यवसाय सञ्चालन गर्न पाउने छैन ।

(६) उपदफा (१) बमोजिम दर्ता भएको व्यवसायले प्रचलित कानून बमोजिम व्यवसाय सञ्चालन गर्न अनुमति पत्र समेत लिनु पर्नेछ ।

(७) व्यवसाय दर्ता सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

३४. **अनुसूचीमा फेरबदल गर्न सक्ने:** यस कार्यविधिको उद्देश्य परिपूर्ति गर्न नगरकार्यपालिकाले आवश्यक भएमा अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्नेछ ।

३५. **बाधा अड्काउ फुकाउने अधिकार:** यस कार्यविधि कार्यान्वयनको सिलसिलामा कुनै बाधा अड्काउ परेमा त्यसको समाधान नगरकार्यपालिकाले गर्न सक्नेछ ।

३६. **निर्देशिका बनाउन सक्ने:** यस कार्यविधिको उद्देश्य कार्यान्वयन गर्न आवश्यक परेमा नगर कार्यपालिकाले निर्देशिका, कार्यविधि, मापदण्ड वा नियमावली बनाई लागु गर्न सक्नेछ ।

३७. **पुनरावेदन:** यस कार्यविधिको दफा ३६ (सुरुवात पृष्ठ ११ मा र अन्त्य पृष्ठ १२ मा) बमोजिम दिइएको सजायमा चित्त नबुझ्ने पक्षले पैतीस (३५) दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

३८. **बीमा सम्बन्धी व्यवस्था:**

(१) बीमा समितिको प्रक्रिया पुरा गरी अख्तियार प्राप्त बीमा कम्पनीले कृषि उपजको उत्पादनको बीमा गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको बीमा गर्ने प्रक्रिया बीमा समितिले समय-समयमा निर्धारण गरे बमोजिम हुनेछ ।

(३) व्यवसायिक कृषि करार दर्ता भएको मितिदेखि नै लागू हुने गरी बीमा गर्न सकिनेछ ।

(४) बीमा कम्पनीले दफा ३४ बमोजिम तिर्नुपरेको क्षतिको अंक बराबरको रकम आफ्नो खुद करयोग्य आयबाट घटाउन पाउनेछ ।

३९. **प्रचलित कानून बमोजिम हुने:** यस कार्यविधिमा लेखिएकोमा यसै बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

४०. **बचाउ :** यस कार्यविधि लागू हुनुअघि प्रचलित कानून बमोजिम भएका कार्यहरू यसै बमोजिम भएको मानिनेछ ।

# अनुसूची — १
## कृषि समुहको विधानको ढांचा

प्रस्तावनाः समाजमा कृषि जनजीविकाको मुख्य स्रोत भएको हुँदा कृषि प्रणालीमा आधुनिकता ल्याई कृषि विविधीकरण तथा व्यवसायीकरणका लागि यस पाखीबास  नगरपालिकामा छरिएर रहेका महिला / पुरुष कृषकहरूलाई संगठित गर्न ........................ कृषक समूह, पाखिवासको विधान तयार गरी लागू गरिएको छ ।

संक्षिप्त नाम र प्रारम्भः

प्रारम्भिकः

१. संक्षिप्त नाम र प्रारम्भः

१.१ यस विधानको नाम ...............................कृषक समुह .............................को विधान ..................................रहनेछ ।

१.२. यो विधान यसका सदस्य हरुका लागि मात्र अधिकार प्राप्त अधिकारीको स्वीकृति पछि मात्र लागू हुनेछ ।

२. समुहको छाप :

३. कार्यालय रहने स्थानः यस समूहको कार्यालय हाललाई ...............................वडामा रहनेछ ।

४. कार्यक्षेत्रः यो विधानको कार्यक्षेत्र यस विधानका सदश्यहरु रहने स्थानका साथै अन्य कृषि वस्तु बजारको लागि नगर क्षेत्रका विभिन्न बजारहरु हुनेछ ।

परिच्छेद — २

उद्देश्यहरू :

५. उद्देश्यहरुः

क)

ख)

ग)

घ)

परिच्छेद — ३

सदश्यहरुको विवरण :

६. सदश्यहरुको विवरणः

| क्र.स. | सदस्यको नाम | ठेगाना | खेती योग्य जमिनको क्षेत्र |
|---|---|---|---|
| | | | |
| | | | |

७. सदस्यता शुल्कः

८. सदस्यताको योग्यताः

- समूहको सदस्य हुनका लागि आवश्यक योग्यता र सदस्यहरूको विवरण (नाम, ठेगाना, खेती योग्य क्षेत्रफल) राख्ने ढाँचा दिइएको छ।

- सदस्यता शुल्क समूहको बैठकले तोके बमोजिम हुने र सो शुल्क तिरेर सदस्यता लिन सकिने छ ।

९. सदस्यता समाप्त हुने :

परिच्छेद — ४

१०. समुह भेला, बैठक

१०. समुहको भेलाः

११. समूहको बैठक र सञ्चालन

क. समूहको बैठक निर्णय अनुसार प्रत्येक महिनाको कम्तीमा एक पटक बस्नुपर्नेछ ।

ख. बैठकको निर्णय र अघिल्लो महिनाको कार्य प्रगति विवरण सम्बन्धित वडा कार्यालयमा जानकारी गराउनुपर्ने छ ।

ग. यदि लगातार ६ महिनासम्म बैठक नबसेमा वा वडा कार्यालयमा जानकारी नदिएमा नगरकार्यपालिकाले अनुगमन गरी समूह खारेज गर्न सक्ने छ ।

१२. नवीकरणः समूह दर्ता भएपछि प्रत्येक वर्षको साउन महिनामा नगरपालिकाको कार्यालयमा गई आवश्यक कागजात पेश गरी नवीकरण गर्नुपर्ने उल्लेख छ।

परिच्छेद-५

समूहको कोष तथा परिचालन

१३. समूहको कोष तथा परिचालनः

समूहको मासिक बचत तथा अन्य क्रियाकलापबाट भएको आम्दानीलाई समूहको निर्णय अनुसार समूह संचालन, विकास तथा कृषि विकासका जुनसुकै कार्यमा खर्च गर्न सकिनेछ ।

परिच्छेद-६

विविध

१४ः विविध :

क) समुहको विधानको कुनै प्रावधान प्रचलित कानूनसंग बझियामा उक्त प्रावधान बाझिएको हदसम्म कानुन बमोजिम हुनेछ | विधान संशोधन वा परिमार्जन गर्नुपरेमा सर्वसम्मतिबाट गरिनेछ र यसमा नगरपालिकाको सहयोग लिन सकिनेछ।

ख) वार्षिक कार्ययोजनाको ढाँचाः यसै पृष्ठमा कृषक समूहले भर्नुपर्ने "वार्षिक कार्ययोजना" को एउटा तालिका (Format) दिइएको छ, जसमा बाली उत्पादन, बागवानी, बाली संरक्षण, माछा पालन, जस्ता अन्य तालिम तथा भ्रमण जस्ता विवरणहरू उल्लेख गर्नुपर्ने हुन्छ।

| क्र.स. | कार्य विवरण | क्षेत्र | संपन्न गर्ने चौमासिक | | | |
|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोश्रो | तेश्रो | कैफियत |
| | | | | | | |
| | | | | | | |

समूह दर्ताका लागि निवेदनको ढाँचा

श्री पाखीबास नगरपालिका, धनकुटा

विषयः समूह दर्ता बारे।

पाखीबास नगरपालिका वडा नं. ........ को कार्यालयको सहयोगमा/हामी आफैं संगठित भई यो ........................ कृषक समूह गठन गरेका छौं। हाम्रो समूहलाई श्री पाखीबास नगरपालिकाको कार्यालयमा दर्ता गरी पाउन देहायका विवरण सहित यो निवेदन पेश गरेका छौं ।

समूहको विवरणः १.

समूहको नामः ...........................................................

२. स्थापना वर्षः ...........................................................

३. ठेगानाः पाखीबास नगरपालिका वडा नं. ........ गाउँ/टोलः ........................

४. उद्देश्यः

५. सदस्यहरुको विवरण

| क्र.स. | नाम | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

निवेदकः अध्यक्षको नामः ...........................................................

दस्तखतः ...........................................................

मितिः ...........................................................

**अनुसूची — २**

**(दफा २ को खण्ड (छ) सँग सम्बन्धित)**

<u>कृषि व्यवसायको सूची</u>

१. तरकारी खेती (मौसमी तथा बेमौसमी)
२. फलफूल खेती (केरा, सुन्तला, कागती, आरु, लिची आदि)
३. खाद्यान्न वाली (मकै, धान, गहुँ, कोदो, फापर, जौ आदि)
४. दुग्ध व्यवसाय (गाई, भैंसी, बाख्रा पालन)
५. पशुपक्षी पालन (कुखुरा, हाँस, बट्टाई, बंगुर आदि)
६. मत्स्य पालन
७. मौरी पालन तथा रेशादार वाली
८. आलु र कन्दमूल वाली
९. तेलन वाली (तोरी, सूर्यमुखी, बदाम)
१०. कृषि उपज प्रशोधन उद्योग
११. प्रविधिमा आधारित कृषि उपज मूल्य वृद्धि
१२. बीउ बिजन उत्पादन, भण्डारण तथा बिक्री वितरण

(दफा २४ को उपदफा १ सँग सम्बन्धित)

- व्यवसायिक कृषि करारका विषयवस्तुहरू

१. करारका पक्षहरूको नाम, ठेगाना र अन्य विस्तृत विवरण ।

२. करार गर्नुको उद्देश्य र कृषि वस्तुको नाम ।

३. कृषि उत्पादन सामग्री, प्रविधि, तालिम, प्राविधिक सेवा, ऋण वा अन्य सहायता सम्बन्धी व्यवस्था ।

४. कृषि उत्पादन गरिने क्षेत्र (जग्गाको विवरण, कित्ता नं. र क्षेत्रफल) ।

५. कृषि उपजको परिमाण, गुणस्तर र किसिम ।

६. कृषि उपजको डेलिभरी दिने समय र स्थान ।

७. कृषि उपजको न्यूनतम मूल्य निर्धारणको आधार र भुक्तानीको तरिका ।

८. करारको अवधि र नवीकरण सम्बन्धी व्यवस्था ।

९. कृषि उपज संकलन, प्रशोधन, भण्डारण र ढुवानी सम्बन्धी व्यवस्था ।

१०. पक्षहरूको हक, दायित्व र जिम्मेवारी ।

११. करार उल्लंघन वा क्षतिपूर्ति सम्बन्धी व्यवस्था ।

१२. काबु बाहिरको परिस्थिति (Force Measure) सम्बन्धी व्यवस्था ।

१३. विवाद समाधानको प्रक्रिया (आपसी वार्ता वा मध्यस्थता) ।

१४. करार अन्त्य हुने वा खारेज हुने अवस्थाहरू ।

१५. करारका अन्य आवश्यक शर्तहरू ।